# सूर्योदय नगरपालिका

## Suryodaya Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office Of The Municipal Executive

फिक्कल, इलाम

२०७३

प.स. ०७७/०७८/आ.प्र.

च .नं.

मितिः-२०७७/०९/१२

विषयः- खाद्यान्न चामल लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र पेश गर्ने वारेको अत्यन्त जरुरी सूचना।

प्रथम पटक प्रकाशित मिति २०७७/०९/१२

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को सम्भावित जोखिमको प्रभावकारी रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारवाट मिति २०७६/१२/१० देखि भएको बन्दाबन्दी (Lock Down) वाट सूर्योदय नगरपालिका क्षेत्रमा प्रभावित असहाय श्रमिकहरुलाई र विपन्न वर्गका दैनिक ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने अति विपन्न वर्गका व्यक्तिहरुलाई खाद्यान्न राहत चामल वितरण गर्न खरिद भएको र विभिन्न दातावाट प्राप्त भएको खाद्यान्न चाममल मध्ये लकडाउनवाट प्रभावित असहाय श्रमिक वर्गहरुलाई र विपन्न वर्गका व्यक्तिहरुलाई सू.न.पा. वाट स्वीकृत मापदण्ड बमोजिम वितरण गरी बाँकी जिन्सी मौज्दातमा स्टक रहेको तपशिल बमोजिमको परिमाणको १६६ बोरा (प्रति बोरा ५० के.जी. को सोना मन्सूली चामल शिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम वढावढ गरी लिलाम बिक्री गनुपर्ने भएकोले र लिलाम वढावढको लागि मूल्याङ्कन समितिवाट र नगरपालिकाको वोर्ड बैठकवाट कायम भएको न्यूनतम वढावढ मूल्य प्रति के.जी. रु.४७/- वाट वढावढ गरी देहायका शर्तहरुको अधिनमा रही तपशिलमा उल्लिखित परिमाणको खाद्यान्न चामल लिलाम बिक्रीको माध्यमवाट सकार गरी लैजाने प्रयोजनको लागि लिलाम वढावढको लागि यो सूचना कार्यालयमा प्रकाशित भएको मितिले २१ दिन भित्र (२०७७/१०/०४ गते भित्र) कार्यालय समयमा रितपूर्वक नियमानुसारका आवश्यक कागतजातहरु पेश गरी लिलाम वरावरको शिलबन्दी बोलपत्र पेश गर्नु हुन इच्छुक व्यक्ति, फर्म कम्पनी वा सप्लायर्स सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः-

| लिलाम हुने सामानको विवरण | न्यूनतम लिलाम मूल्य | लिलाम वढावढको लागि शिलबन्दी वोलपत्र खरिद गर्नुपर्ने अवधी | लिलाम वढावढको लागि शिलबन्दी वोलपत्र पेश गर्नु पर्ने अन्तिम दिन | लिलाम वढावढको लागि शिलबन्दी वोलपत्र खोल्ने दिन |
|---|---|---|---|---|
| सोना मन्सूली चामल १६६ बोरा (प्रति बोरा ५० के.जी. भएको) | प्रति के.जी. . रु.४७/- (रु. सङ्चालीस) | २०७७/१०/०४ गते कार्यालय समय भित्र। | २०७७/१०/०५ गते विहान १२:०० वजे भित्र। | २०७७/१०/०५ गते दिनको ठीक २:०० वजे। |

शर्तहरुः-

१. रु. १०००/- शुल्क बुझाई नगरपालिकाको कार्यालयवाट प्रमाणित शिलबन्दी वोलपत्र फारम खरिद गर्नु पर्नेछ।

२. लिलाम वढावढको लागि मूल्याङ्कन भएको प्रति के.जी. न्यूनतम मूल्य रु. ४७/- भन्दा कम नहुने गरी शिलबन्दी वोलपत्रको माध्यमवाट लिलाल सकार गर्ने गरी न्यूनतम मूल्य प्रति के.जी. .रु. ४७/- वाट वढावढ हुने गरी मात्र लिलाम वरावरको वोलपत्र पेश गर्नु पर्नेछ।

३. लिलाम वढावढ हुने कुल १६६ बोरा (प्रति बोरा ५० के.जी. को/८,३०० के.जी.) को हिसावले लिलाम वढावढमा सहभागी हुने इच्छुक व्यक्ति फर्म कम्पनी वा सप्लायर्सले कुल कवोल अंकको १०% ले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैंक फिक्कल शाखामा रहेको धरौटी खाता नं . २१००१००३०३००००२ मा अग्रीम रुपमा जम्मा गरेको भौचर संलग्न राखी लिलाम वढावढको शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. लिलाम वढावढको लागि शिलबन्दी वोलपत्र पेश गर्ने व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाण पत्र र फर्म, कम्पनी, सप्लायर्स भएमा नियमानुसारको फर्म दर्ता भएको, नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, VAT वा PAN मा दर्ता भएको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।

५. खाद्यान्न चामल लिलाम वढावढको माध्यमवाट लिलाम सकार गर्न चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सप्लायर्स ले ७ दिन भित्र आँपिले कवोल गरेको कवोल अंक वुझाइ खाद्यान्न आफैले ढुवानी गरी चामल उठाइ लैजानु पर्नेछ।यदि उक्त समय भित्र उठाई नलगेमा धरौटी जफत गरी नियमानुसार लिलामी कार्यवाही अगाडि वढाइनेछ।

६. म्याद नाघी आएको र रितपूर्वक पेश नभएको लिलाम वढावढ सम्बन्धी शिलबन्धी वोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

७. यो सूचनामा छुट भएका नियमानुसारका शर्तहरु आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम हुनेछ।

८. लिलाम वढावढ सम्बन्धमा पेश भएका वोलपत्रहरु स्वीकृत गर्ने? आशिक रुपमा स्वीकृत गर्ने? र स्वीकृत नगर्ने? कुनै पनि शर्तमा फेरबदल गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षीत रहनेछ।

९. यस सूचनामा उल्लेख भएका विषयहरुमा केही कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय



Scanned with CamScanner